# ज्यालादारी कर्मचारीको सेवा सुविधा सम्बन्धी ऐन, २०८२

प्रमाणिकरण मिति: २०८२।०४।०४

**प्रस्तावना:**

बर्दिवास नगरपालिकामा कार्यरत ज्यालादारी कर्मचारीहरुको मनोबल उच्च गराइ नगरपालिकाले प्रदान गर्ने सेवालाई छिटो,छरितो,गुणस्तरीय र प्रभावकारी बनाई श्रम ऐन २०७४ को मर्म अनुसार श्रमको सम्मान गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "ज्यालादारी कर्मचारीको सेवा सुविधा सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ।

(३) यो ऐन बर्दिवास नगरपालिकाको सबै ज्यालादारी कर्मचारीहरुमा लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कर्मचारी"** भन्नाले बर्दिवास नगरपालिकाको ज्यालादारी कर्मचारीहरुलाई जनाउँछ।

(ख) **"नगरसभा"** भन्नाले बर्दिवास नगरपालिकाको नगरसभालाई जनाउछ।

(ग) **"नगरपालिका"** भन्नाले बर्दिवास नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले बर्दिवास नगरपालिकाको कार्यपालिका बुझ्नुपर्दछ।

(ङ) **"कार्यालय"** भन्नाले बर्दिवास नगरपालिकाको कार्यपालिकाको कार्यालयलाई बुझ्नुपर्दछ। सो शब्दले नगरपालिका अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ चौकी र बर्दिवास नगर अस्पताललाई समेत बुझाउँदछ।

## परिच्छेद-२

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. अर्धवार्षिक सम्झौता :** (१) कर्मचारीलाई प्रत्येक ६ महिनाको लागि ज्यालादारी नियुक्त गर्न सकिनेछ।

प्रहलाद कुमार दे
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम कार्य सन्तोषजनक भएमा पुन: ६ महिनाको लागि म्याद थप गर्न सकिनेछ।

(३) कर्मचारीको कार्य चित्त बुझ्दो नभएमा स्पष्टिकरणको मौका दिईनेछ र तोकिएको समयमा सन्तोषजनक सफाइ दिन नसकेमा सम्झौता भंग गर्न सकिनेछ।

**४. चाडपर्व खर्च:** (१) एक आर्थिक वर्षमा एकपटक दशैपर्वको अवसरमा १ महिना बराबरको खाइपाई आएको ज्याला चाडपर्व खर्चको रुपमा प्रदान गरिनेछ।

(२) कर्मचारीले कम्तीमा १८० दिन सेवा अवधि पुरा गरेको हुनुपर्नेछ।

**५. बिदा :** (१) कर्मचारीहरुले प्रत्येक महिना १(एक) दिन ज्याला सहित बिदा पाउनेछ। त्यस्तो बिदा १ बर्षसम्म संचित गरि उपयोग गर्न सकिनेछ। यसरी उपयोग गरिएको बिदाको ज्याला पाईनेछ।

(२) सार्वजनिक बिदाको दिन कार्यालयमा उपस्थित भई काम गर्न सक्नेछ र उक्त दिनको ज्याला दिईनेछ।

(३) सुत्केरी बिदाको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

**६. पोशाक भत्ता:** (१) पोषाक भत्ता बापतको प्रत्येक वर्ष रु १०,००० (दश हजार) उपलब्ध गराउनु पर्नेछ।

(२) पोशाक कार्यालयले तोके अनुसार हुनेछ र त्यस्तो पोशाक लगाउनु प्रत्येक कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) बमोजिमको पोशाक नलगाई आएमा त्यस दिनको ज्याला कट्टा गर्न सकिनेछ।

**७. सामाजिक सुरक्षा कोषमा आवद्धता:** नगरसभाबाट बजेट विनियोजन भएको खण्डमा कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिनेछ।

**८. कार्यसम्पादन मूल्याङ्कन:** कार्य सम्पादन मूल्याङ्कनको आधारमा सम्झौताको म्याद थप गरिनेछ।

प्रहलाद कुमार क्षेत्री

९. अनुशासन र आचरण: कर्मचारीले कार्यालयको नियम, निर्देशन, आचारसंहिता पालना गर्नुपर्दछ।

१०.नियम तथा कार्यविधि बनाउने अधिकार: यस ऐनको उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

११.व्याख्या गर्ने अधिकार: यो ऐन कार्यान्वयनमा द्विविधा भएमा कार्यपालिकाले व्याख्या गर्न सक्नेछ।

१२.बचाउ: यो ऐन प्रारम्भ हुनु भन्दा पहिले नगरपालिकाले कर्मचारी सम्वन्धमा गरेका काम कारवाही यसै ऐन वमोजिम भए/गरेको मानिनेछ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

CamScanner